(क) विदेशी राज्यले पारस्परिक कानूनी सहायता माग गर्दा केन्द्रीय अधिकारी समक्ष पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः

| क्र.सं. | कागजात वा विवरण | |
|---|---|---|
| १. | **ऐनको दफा ३ बमोजिमः** | |
| | (क) ऐनको दफा ३ को उपदफा (१) बमोजिम पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा विदेशी राज्यसँग द्विपक्षीय सन्धि | □भए/नभएको□ |
| | (ख) द्विपक्षीय सन्धि नभएको भए ऐनको दफा ३ को उपदफा (२) बमोजिम त्यस्तै प्रकृतिको न्यायिक कारवाहीमा नेपालबाट पारस्परिक कानूनी सहायता माग भएमा पारस्परिकताको आधारमा विदेशी राज्यले पनि कानूनी सहायता प्रदान गर्ने आश्वासन | □व्यक्त गरे/नगरेको |
| २. | **ऐनको दफा ४ बमोजिमः** | |
| | (क) देवानी प्रकृतिको विषयमा एकलाख रुपैंयाँ भन्दा बढी बिगो कायम भएको न्यायिक कारवाही | □हो/होइन□ |
| | (ख) फौजदारी प्रकृतिको विषयमा एक वर्ष वा सोभन्दा बढी कैद सजाय हुने वा पचास हजार रुपैंयाँ वा सोभन्दा बढी जरिबाना हुने कसूर | □हो/होइन□ |
| ३. | **ऐनको दफा १९ को उपदफा (१) बमोजिमः** | |
| | (अ) कानूनी सहायता माग गर्ने अदालत, न्यायिक कारवाहीको संक्षिप्त व्यहोरा तथा सम्बद्ध कानून उल्लेख भएको | □छ/छैन□ |
| | (आ) माग गरिएको पारस्परिक कानूनी सहायताको विषय कागज, प्रमाण, सूचना वा वस्तु उपलब्ध गराउने, स्थान वा वस्तुको खानतलासी गर्ने वा कुनै वस्तु कब्जामा लिनु पर्ने सम्बन्धी | □हो/होइन□ |
| ४. | **दफा २० बमोजिम व्यक्ति उपस्थित गराउनु पर्ने वा व्यक्ति रहेको स्थान पत्ता लगाउनु पर्ने वा व्यक्ति सनाखत गर्नु पर्ने** | □हो/होइन□ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| ५. | दफा २१ बमोजिमः | |
| | (१) म्याद वा न्यायिक लिखत तामेल गर्नु पर्ने भए तामेल गर्नु पर्ने व्यक्तिको पूरा नाम उल्लेख भएको | □छ/छैन□ |
| | (२) यस प्रकरणको बुँदा नं. (१) बमोजिमको व्यक्ति रहे बसेको मुलुक, राहदानी वा राष्ट्रिय परिचयपत्र नम्बर भए सोको विवरण, हुलिया र राष्ट्रियता लगायत पहिचान हुन सक्ने आवश्यक अन्य विवरण र यथासम्भव हाल बसोबास गरिरहेको स्थान सम्बन्धी जानकारी उल्लेख भएको | □छ/छैन□ |
| | (३) यस प्रकरणको बुँदा नं. (२) बमोजिमको व्यक्तिको ठेगानामा म्याद वा न्यायिक लिखत तामेल हुन नसक्ने भएमा निजले काम गर्ने वा व्यवसाय सञ्चालन गर्ने प्रतिष्ठान रहेको मुलुक र ठेगाना उल्लेख भएको | □छ/छैन□ |
| ६. | दफा २२ बमोजिमः | |
| | (१) प्रमाण बुझ्न माग गरेकोमा प्रमाण बुझ्न अनुरोध गरिएको अदालत वा निकाय पहिचान हुन सकेको भए सो अदालत वा निकायको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (२) प्रमाण बुझ्नु पर्ने वा गर्नु पर्ने अन्य न्यायिक कामको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (३) कुनै साक्षी बुझ्नु पर्ने भएमा त्यस्तो साक्षीको नाम, थर, वतन र निजको पहिचान खुल्न सक्ने राहदानी वा राष्ट्रिय परिचयपत्रको विवरण उल्लेख भएको | □छ/छैन□ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| | (४) बन्द सवालबाट साक्षी बुझ्नु पर्ने भएमा निजलाई सोध्नु पर्ने प्रश्नको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (५) साक्षी बुझ्दा कुनै शपथ लिनु पर्ने वा नपर्ने के हो सोको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (६) कुनै लिखत, चल वा अचल सम्पत्तिको निरीक्षण, नाप जाँच, नाप नक्सा वा परीक्षण गर्नु पर्ने भए सोको विवरण उल्लेख भएको | □छ/छैन□ |
| ७. | **दफा २३ बमोजिमः** | |
| | (१) नेपालमा रहेको सम्पत्ति रोक्का वा जफत गर्नु पर्ने अवस्थामा त्यस्तो सम्पत्तिसँग सम्बन्धित मुद्दा दायर हुने अवस्थामा रहेको, दायर भएको वा निर्णय भई नसकेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (२) न्यायिक कारवाहीमा सम्पत्ति जफत गर्ने कामको सारभूत सम्बन्ध रहेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (३) जफत सम्बन्धी आदेश भएको र त्यस उपर पुनरावेदन गर्ने अवस्था नरहेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (४) जफत गर्ने आदेश बमोजिम तिर्नु पर्ने रकम तिर्न बाँकी रहेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (५) जफतको आदेशबाट प्रभावित व्यक्ति अदालतमा उपस्थित नभएको भए निजले आफ्नो प्रतिरक्षाको लागि पर्याप्त समय सहितको सूचना पाएको विवरण प्राप्त भएको | □छ/छैन□ |
| ८. | **दफा २४ बमोजिमः** | |
| | (१) फैसला कार्यान्वयन गर्न पठाउने भए अदालतको फैसलाको सक्कल प्रमाणित प्रति संलग्न भएको | □छ/छैन□ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| | (२) फैसलाको विषयमा पुनरावेदन गर्ने अवस्था नरहेको प्रमाण पेश भएको | □छ/छैन□ |
| ९. | नियमावलीको नियम ४ को उपनियम (३) बमोजिम परराष्ट्र मन्त्रालयको सिफारिस सहित सो सँग सम्बद्ध विवरण, कागज र प्रमाण संलग्न भएको | □छ/छैन□ |
| १०. | नियमावलीको अनुसूची–४ बमोजिमको ढाँचामा विवरण खुलेको अनुरोधपत्र संलग्न भएको | □छ/छैन□ |
| ११. | माग गरिएको पारस्परिक कानूनी सहायताको विषयसँग सम्बन्धित कानूनको प्रामाणिक प्रति संलग्न भएको | □छ/छैन□ |
| १२. | ऐनको दफा ४० बमोजिम पारस्परिक कानूनी सहायता माग गरिएको अनुरोधपत्र नेपाली भाषामा प्राप्त भएको<br>(तर नेपाली भाषामा अनुवाद गर्न कठिनाई हुने भएमा सोको कारण खुलाई अंग्रेजी भाषामा अनुवाद गरिएको आधिकारिक प्रति समेत संलग्न गर्न सकिने हुँदा सो संलग्न भएको) | □छ/छैन□ |
| १३. | माथि विभिन्न प्रकरणमा उल्लिखित विवरणका अतिरिक्त ऐनको दफा १४ बमोजिम खुलाउनु पर्ने देहाय बमोजिमका अन्य विवरण वा कागजात: | |
| | (१) न्यायिक कारवाही फौजदारी प्रकृतिको भए त्यस्तो कारवाहीमा हुन सक्ने अधिकतम सजाय र देवानी प्रकृतिको भए दावी लिइएको अधिकतम बिगो उल्लेख भएको | □छ/छैन□ |
| | (२) न्यायिक कारवाहीसँग सम्बन्धित कागज, प्रमाण, सूचना, वस्तु वा सम्पत्ति रहेको स्थान र त्यसको प्रकृति उल्लेख भएको | □छ/छैन□ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| | (३) खानतलासी लिनु पर्ने भए त्यस्तो वस्तुको विवरण र त्यस्तो स्थानको पूरा ठेगाना उल्लेख भएको | □छ/छैन□ |
| | (४) न्यायिक कारवाहीमा सहयोग गर्न सक्ने व्यक्तिका सम्बन्धमा निजको नाम, हुलिया र राष्ट्रियता लगायत पहिचान हुन सक्ने राहदानी वा राष्ट्रिय परिचयपत्र नम्बर भए सो लगायत आवश्यक अन्य विवरण र यथासम्भव हाल बसोबास गरिरहेको स्थान सम्बन्धी जानकारी उल्लेख भएको | □छ/छैन□ |
| | (५) माग गरिएको कागजात, प्रमाण, सूचना, वस्तु वा व्यक्ति न्यायिक कारवाहीको निमित्त तात्विक सम्बन्ध भएको पुष्ट्याँई गरिएको | □छ/छैन□ |
| | (६) सम्बन्धित प्रमाण कागजात सक्कल प्रति नै आवश्यक पर्ने भए त्यसको पुष्टयाँई गरिएको र फिर्ता गर्नु पर्ने भए फिर्ता गरिने कुराको आश्वासन दिइएको | □छ/छैन□ |
| | (७) पारस्परिक कानूनी सहायता प्रदान गर्न अनुरोध गरिएको विदेशी मुलुकको सम्बन्धित अधिकारीको नाम ठेगाना उल्लेख भएको | □छ/छैन□ |
| | (८) पारस्परिक कानूनी सहायता प्रदान गर्नु पर्ने अवधि उल्लेख भएको | □छ/छैन□ |
| | (९) कुनै वस्तु खानतलासी लिन वा जफत गर्न लेखी पठाउने भए त्यस्तो वस्तुमा स्वामित्व रहेको व्यक्तिले नेपालमा कसूर गरेको वा त्यस्तो कसूरबाट सम्पत्ति बढे बढाएको पुष्टि हुने आधार उल्लेख भएको | □छ/छैन□ |

द्रष्टव्य :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१. विदेशी राज्यबाट पारस्परिक कानूनी सहायताका लागि अनुरोध भई आएमा परराष्ट्र मन्त्रालयले ऐन तथा नियमावलीका अतिरिक्त माथि उल्लेख भए अनुसारका कागजात संलग्न गरी वा विवरण खुलाई अनुरोध गरे नगरेको सम्बन्धमा चेकजाँच गर्नु पर्नेछ।
२. माथि उल्लेख गरिए अनुसार कुनै कागजात संलग्न वा विवरण उल्लेख गर्नु पर्ने देखिएमा सो संलग्न गर्न वा खुलाई पठाउन सम्बन्धित विदेशी राज्यलाई अनुरोध गर्ने र त्यस्तो विवरण प्राप्त भएपछि मात्र केन्द्रीय अधिकारी समक्ष पारस्परिक कानूनी सहायताको लागि अनुरोध पत्र पठाउनु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय